नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

# सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति: २०७६।११।०४

नेपाल सरकारको आर्थिक वर्ष २०७६।७७ को बजेट बक्तव्यको बुँदा नं. २१५ मा उल्लेख भए बमोजिम सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा पछाडि परेका चीनसंग सीमा जोडिएका उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा शिक्षा, स्वास्थ्य, सडक, कृषि तथा सिंचाई र ऊर्जा सम्बन्धी पूर्वाधार विकासमा लगानी विस्तार गरी जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम चालू आ. व. देखि कार्यान्वयनमा रहेको छ। उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को अनुसूची १ मा उल्लिखित स्थानीय तहबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखामा प्राप्त हुने गरी आयोजना माग गरिएकोमा उक्त मिति भित्र आयोजना पठाउन बाँकी स्थानीय तहहरुलाई **२०७६/११/१५** भित्र आयोजना पठाउन जानकारीको लागि **दोस्रो एवं अन्तिम पटक** यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

स्थानीय तहले देहायका आधारमा आयोजना सिफारिश गर्नुपर्ने:

१. स्वास्थ्य क्षेत्र अन्तर्गत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र प्रसुती सेवा केन्द्र, शिक्षा क्षेत्र अन्तर्गत सामुदायिक विद्यालय (प्राविधिक विद्यालय समेत) भवन र विद्यालयको छात्रवास भवन, सडक तर्फ स्थानीय तह भित्रका वस्ती, बिद्यालय, स्वास्थ्य चौकी र बजार केन्द्र जोड्ने सडक, कृषि तथा सिंचाई तर्फ सतही तथा सोलार लिफ्टिङ सिंचाईको निर्माण, लघु-सिंचाई, व्यवसायमूलक पशु तथा कृषि व्यवसाय प्रवर्द्धन, सोलार ड्रायर, डेरी उद्यम, शीत भण्डार निर्माण र फलफूल तथा जडिवुटी प्रसोधन सम्बन्धी साना-मझौला उद्योग र उर्जा तर्फ सौर्य उर्जा निर्माण सम्बन्धी आयोजनाहरु हुनुपर्ने;

२. एउटा स्थानीय तहले बढीमा ३ (तीन) वटा सम्म आयोजनाहरु सिफारिश गर्नुपर्ने;

३. आयोजनाको न्यूनतम लागत ५ करोड हुनुपर्ने;

४. कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा तोकिएका कागजात सहित छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्ने;

५. प्रस्तावको hard copy तोकिएको मितिभित्रै मन्त्रालयमा दर्ता गराउनुपर्ने वा dccs@mofaga.gov.np मा पठाउनुपर्नेछ ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा, सिंहदरवार, काठमाण्डौमा सम्पर्क राख्नु हुन तथा उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मन्त्रालयको वेवसाइट www.mofaga.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।